**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**
**BROADCAST: 18:40 hrs** **Date: 18.12.2024**

***CM***

मुख्यमन्त्री श्री प्रेमसिहं तामाङले भन्नुभएको छ शिक्षाले युवा मस्तिस्कलाई आकार दिन, चरित्र निर्माण गर्न र क्षमता तथा कौशल विकासमा सहयोग पुऱ्याउँछ। आज रिञ्चेनपुङ समष्टी अन्तर्गत रिञ्चेनपोङको के बी लिम्बु उच्चतर माध्यमिक पाठशालाको पचहत्तरौ वर्षगाँठ समारोहलाई सम्वोधन गर्दै उहाँले भन्नुभयो राज्यमा शिक्षा क्षेत्रलाई अघि बढ़ाउन राज्य सरकार प्रतिवध्द छ। श्री तामाङले शिक्षाको अझै विकास र उत्कृस्टताका लागि लगातार सहयोग गर्ने आश्वासन दिनुभएको छ। शिक्षाको परिवर्तनकारी भूमिका रहने कुरो बताउँदै मुख्यमन्त्रीले भन्नुभयो शिक्षण कार्यले उहाँको ह्रदयमा विशेष छाप छोड़ेको छ। यसअघि आज विहान मुख्यमन्त्रीले लोवर श्रीबदम स्थित फुन्सोक छोलिङ गुम्पामा नवनिर्मित मणिला खाङको उद्घाटन गर्नुभयो। गुम्पामा उहाँले राज्य र राज्यवासीहरूको शान्ति, समृध्दि र कल्याणका लागि प्रार्थना गर्नुभयो। यस अवसरमा मन्त्रीगण, विधायकवर्ग र अन्य गण्यमान्य वयक्तिहरूको उपस्थिती थियो।

***MP Loksabha***

सिक्किमका लोकसभा सदस्य डा. इन्द्रहाङ सुब्बाले आज नयाँदिल्लीमा केन्द्रीय शिक्षा राज्य मन्त्री डा. सुकान्त मजुमदारसित भेट गर्नुभयो। भेटघाटका बेला उहाँहरूले सिक्किम विश्वविद्यालयको विलुप्त भाषा केनद्रले झेल्नु परिरहेका वित्तीय चुनौतीहरूवारे चर्चा गर्नुभयो। श्री सुब्बाले औपचारिक आवेदन पेश गरेर तत्काल कोष जारी गर्ने आग्रह गर्नुभएको छ ताकि भाषाकेन्द्रले पूर्वी हिमाली क्षेत्रका विलुप्त भाषाहरूको संरक्षण र सम्वर्ध्दनको महत्वपूर्ण कार्यलाई निरन्तरता दिन सकोस्। एउटा प्रेस विज्ञपतीमा बताइए अनुसार केन्द्रले भुजेल, मगर, गुरूङ, शेर्पा र राई रोक्दुङ जस्ता विलुप्त भाषाहरूको दस्तावेजीकरण र सुरक्षा गर्नमा महत्वपूर्ण पाइला चालेको छ। यसवाहेक यसले भारतको पहिलो विलुप्त भाषाहरूको अहिलेख Sikkim Darjeeling Himalayas Endangered Languages Archive विकसित गरेको छ।

***Sahitya Academy***

साहित्यकार युवा बराल अनन्तलाई 2024 सालको साहित्य अकादमी पुरस्कार प्रदान गरिने भएको छ। कथा सङग्रह छिचिमिराका लागि उहाँलाई पुरस्कृत गरिने भएको हो। श्री बरालका अहिलेसम्म एउटा कविता सङग्रह घात प्रतिघातका ऐठनहरू, लघुकथा सङग्रह गोजिका अनि दुइवटा कथा सङग्रह जिउनी र छिचिमिरा प्रकाशित भएका छन्। साहित्य अकादमीद्वारा आउँदो वर्ष आठ मार्चका दिन नयाँ दिल्लीमा आयोजित हुने समारोहमा उहाँलाई पुरस्कारले अलंकृत गरिनेछ। सिक्किम राज्यबाट यसअघि तुलसीराम शर्मा कश्यप, गिर्मी शेर्पा, सानुलामा, भीम दाहाल र शङ्करदेखि ढकालले प्रतिस्ठित साहित्य अकादमी पुरस्कार प्राप्त गर्नुभएको छ।

***Governor***

सामाजिक न्याय तथा अधिकारिता मन्त्रालयको दिब्याङ्गजन सशक्तिकरण विभाग अन्तर्गत समेकित क्षेत्रीय केन्द्रकी निदेशक श्रीमती पुस्पाञ्जली गुप्ताले आज राजभवनमा राज्यपाल श्री ओम प्रकाश माथुरसित भेट गर्नुभयो। उहाँले राज्यपाललाई स्वास्थ्य सेवा शिक्षा र कौशलविकास कार्यक्रमहरूद्वारा दिब्याङ्गजनहरूलाई सशक्त बनाउने दिशातर्फ केनद्रका पहलहरूवारे अवगत गराउनुभयो। श्रीमती गुप्ताले दिब्याङ्गहरूको जीवनस्तरमा सुधार ल्याउनका लागि विभिन्न केन्द्र तथा राज्य प्रायोजित योजनाहरूको कार्यान्वयनमा विभागको समेकित क्षेत्रीय केन्द्रको भूमिकावारे प्रकाश पार्नुभयो। राज्यपालले दिब्याङ्गनका लागि CRC केन्द्रद्वारा सरकारका कल्याणकारी योजनाहरूको कार्यान्वयनवारे जानकारी लिनुभयो। श्री माथुरले राजभवनको तर्फबाट सकेसम्म सहयोग गर्ने आश्वासन दिनुभएको छ।

***DWSM***

जिल्ला जल तथा स्वच्छता मिशनको एउटा बेठक गान्तोक जिल्ला प्रशासनिक केन्द्रमा आज बस्यो। यसको अध्यक्षता गर्दै सड़क तथा पुल मन्त्री श्री नरबहादुर दाहालले सहयोगात्मक शासन व्यवस्था, सामूहिक जिम्मेवारी र व्यावसायिक प्रतिवध्दतामाथि जोड़ दिनुभयो। उहाँले अधिकारीहरूसित इमानदारीपूर्वक काम गर्नका साथै समयको प्रभावी रूपमा प्रयोग गर्ने र सम्वध्द विभागहरूसितको समन्वित प्रयासद्वारा राज्यको विकासमा योगदान दिने आग्रह गर्नुभएको छ। बैठकमा अन्य वाहेक जिल्लाधीश श्री तुषार निखरे पनि उपस्थित हुनुहुन्थ्यो।

***NIT***

भारतीय सेनाको त्रिशक्ति कोरले पूर्व सिककिमका छाङ्गु थेगु र क्योङस्लाको दुर्गम सीमावर्ती गाउँका विद्यार्थीहरूका लागि रास्ट्रिय एकता यात्रा एन आईटी 2024-2025 आयोजना गरयो । गत आठ दिसम्बरमा शुरू भएको यो यात्रा आज समाप्त भएको छ । यस भ्रमणले पैंतिसजना विद्यार्थीहरूलाई देशको समृध्द सम्पदाको अन्वेषण गर्ने अदितीय अवसर प्रदान गरयो । यसैवीच राज्यपाल श्री ओमप्रकाश माथुरले भोलि राजभवनमा रास्ट्रिय एकता यात्रा भोलि राजभवनमा रास्ट्रिय एकता यात्रा टोलीलाई स्वागत गर्नुहुनेछ ।

***G kishan Reddy***

केन्द्रीय मन्त्री श्री जी किशन रेड्डीले भन्नुभएको छ सरकारले पूर्वाधार विकास, आर्थिक र कृषिक्षेत्र अनि सांस्कृतिक विकास तथा एकतामाथि जोड़ दिनुभएको छ । आज विहान नयाँ दिल्लीमा मीडियालाई जानकारी दिँदै उहाँले भन्नुभयो देशका भाषाहरू रास्ट्रको एकता र सांस्कृतिक इतिहासका महत्वपूर्ण आधार हुन् । श्री रेड्डीले रास्ट्रिय शिक्षा नीति 2020 मा तीन भाषाहरूसित सम्वन्धित प्रारूपको प्रशंसा गर्नुभयो ।